हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १८१ पृष्ठ : ४ २०७७ माघ १९ गते सोमबार (Monday 01 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• मधेसकै विकासको मेरुदण्ड मानिने बहुचर्चित हुलाकी मार्ग •

# 'पूर्व प्रधानमन्त्रीदेखि वर्तमान प्रधानमन्त्री सम्मले आश्वासन मात्र बाँडे'



फाईल फोटो



फाईल फोटो

वि. सं. १९०३ देखि २००८ सम्म राणाशासक जंगबहादुरबाट हुलाकी मार्ग निर्माणको थालनी र जुद्धशम्शेर, पदम शम्शेर हुँदै बिभिन्न कालखण्डमा पटक पटक शिलान्यास भएपनि अधुरो छाडिएको यो मार्ग बन्नेमा यस क्षेत्रका वृद्धवृद्धा र स्थानीय ढुक्क थिएनन् । तर तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुबीर महासेठ सहित नेकपाका अध्यक्ष दाहालबाट मार्गको शिलान्यास हुँदा हुलाकी मार्ग बन्नेमा स्थानीयमा आशा जागेको थियो ।

तराई मधेसकै विकासको मेरुदण्ड मानिने बहुचर्चित हुलाकी सडकको सिरहा खण्ड बरियारपट्टीमा पूर्व प्रधानमन्त्री एवं नेकपाका अध्यक्ष पुष्पकमल दाहालले २०७४ चैत ६ गते मंगलबार शिलान्यास गर्दा यस

बाँकी ४ पेजमा

# प्रधानमन्त्री केपी शर्मा ओली आज सिरहा आउँदै

फिरोज शेख





सिरहा । पूर्व सांसद हेमनारायण यादवको १७ औं स्मृति सभालाई सम्बोधन गर्न प्रधानमन्त्री केपी शर्मा ओली आज सिरहा सदरमुकाम आउने कार्यक्रम तय गरिएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्री लिलानाथ श्रेष्ठले जानकारी दिएका छन् ।

नेकपा केन्द्रिय सदस्य तथा सिरहा जिल्ला इन्चार्ज समेत रहेका मन्त्री श्रेष्ठले पूर्व सांसद हेम नारायण यादवको १७ औ स्मृतिसभाको सम्पूर्ण तयारी पूरा भएको आइतबार पत्रकार सम्मेलन गरी जानकारी गराएका हुन ।

पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले सहीद कुनै विशेष दलको नभएर सबैको साझा रहेको बताउँदै हेम नारायण यादव मधेसकै एक होनहार नेता भएको चर्चा गर्दै उनको हत्या प्रतिगामी सत्ताले गरेको

बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.७०,०००।- सम्मको बम्पर छुट
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोबाईल :- ९८०११५१४३८

छिटो भनेकै WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
3C Rs. 1,250
6C Rs. 2,200
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
*Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०


फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. बिरेन्द्र यादव

# सम्पादकीय

## चिसोबाट विपन्न परिवारलाई जोगाऔं

चिसो हावासूगै बढेको शीतलहरले तराई–मधेसको जनजीवन प्रभावित भएको छ । शीतलहरसूगैपश्चिमा स्याठ बढेपछि जनजीवन प्रभावित भएको हो । चिसोबाट ग्रामीण भेगका सुकुम्बासी परिवार थप पीडित बनेका छन् । तराईमा बढेको चिसो हावासँगै शीतलहरले खासगरी बच्चा र वृद्धवृद्धा बढी पीडित छन् ।

स्थानीय अस्पतालहरुमा कोल्ड डायरिया, निमोनिया, दम र खोकीबाट पीडित भई अस्पताल भर्ना हुनेको संख्यामा वृद्धि भएको छ । अत्यधिक चिसोकैं कारण तराईका बजारमा चहल पहल देखिएको छैन् । बजारमा सर्वसाधारणको न्युन उपस्थिति देखिएको छ । कार्यालय खुलेको भएपनि विगतभन्दा अति न्यून सेवाग्राही आउने गरेका छन् । विधालयमा पनि विधार्थीको उपस्थिती पातलिदै गएको छ । तर, आइतबार घाम लागेपछि भने केही राहत भएको छ ।

विगत वर्षहरुमा शीतलहरीबाट सर्वसाधारणलाई न्यानो प्रदान गर्न बजार, चौंक, टोल बस्तीमा दाउरा वितरण गरिन्थ्यो । तर यसवर्ष सर्वसाधारणको चाप हुने सरकारी कार्यालयहरुमा सम्बन्धित सरकारी कार्यालयहरुले तथा पुर्व–पश्चिम राजमार्गको ठाउँ ठाउँमा दाउरा वा मुढा बालेपनि चिसो बढेको बेला आगो ताप्नका लागि दाउरा नपाएको स्थानीयले गुनासो गरेका छन् । यस्तो बेलामा लुगा जोड्ने आर्थिक हैसियत नभएका सुकुम्बासी थरथर काम्दै घरधन्दा र मजदुरी गर्छन् । जाडो छल्न परालको आगो बाल्छन् तर परालको आगो धेरैबेर टिक्दैन, निभिहाल्छ । उनीहरुसँग दाउराको पहुँच छैन । खाना पकाउन, सुत्नदेखि ताप्न परालकै सहारा हो । त्यो पनि गिरहत (जमिनदार) को खेतमा धान काटेबापत उनीहरूले पराल पाउँछन् ।

दैनिक मजदुरी गरेर खानुपर्ने वर्गकालागि शीतलहर काल हो । पराल ओछ्याएर रात काट्ने र दिउँसो घुर बालेर ताप्ने मुसहर बस्तीका सबैको दैनिकी बनेको छ अहिले । तर पनि स्थानीय सरकारलाई चाँसो छैन । जाडोमा मधेसका विपन्न परिवार छटपटाइरहेका छन् । उनीहरू स्थानीय सरकारसँग बाक्ला लगाउने र ओढ्नेओछ्याउने कपडाको याचना गरिरहेका छन् । तर, स्थानीय सरकारले न्यानो कपडा जोरजाम गर्न चाँसो देखाएका छैनन् । प्रदेश २ अन्तर्गतका जिल्लाका स्थानीय सरकारले डिभिजन वन कार्यालयसँग दाउराका लागि मागपत्र पठाएको जनाएका छन् । शीतलहरबाट विपन्नलाई जोगाउन वन कार्यालयसँग दाउरा मागेर बाँड्न पत्राचार गर्नेबाहेक स्थानीय तहले अहिलेसम्म केही गरेका छैनन् ।

विपन्न परिवारका मानिसलाई एकसरो लुगाका भरमा शीतलहर कटाउनुपर्ने बाध्यता छ । तीन दिनदेखि हावासँगै चलेको शीतलहरका कारण सिरहा मात्र नभई मधेसका विपन्न बस्तीमा अत्यास बढेको छ । मुटु कमाउने चिसोले श्वासप्रश्वास, दमलगायत बिरामी बढी प्रताडित भएका छन् । केही दिनयता बढेको अत्यधिक चिसोका कारण प्रदेश नं २ मा एक बालकसहित चार जनाको मृत्यु भएको छ । प्रदेश प्रहरी कार्यालय जनकपुरधामको तथ्यांकले केही दिनयता मौसममा एकाएक परिवर्तन आएपछि कठ्याङ्ग्रिदो जाडो, सिरेटो चिसो हावा तथा शीतलहरका कारण प्रदेश नं २ मा पुसयता चार जनाको मृत्यु भएको जनाएको छ । तसर्थ दलित, विपन्न परिवारका लागि चिसोबाट जोगाउँन बेलैंमा ध्यान दिन जरुरी छ ।

# राष्ट्रिय दलित मुक्ति जागरण अभियान किन ?

**राजेश विद्रोही**

जसरी नेपाल लामो समयदेखि पराधिन रहँदै आएको छ, त्यसरी नै नेपालभित्रका सीमान्तकृत दलित लगायतका उत्पीडित समुदाय पनि हजारौं वर्षदेखि पराधिनताको जीवन बाँच्न बाध्य छन् । सीमान्तकृत समुदायलाई मुक्ति दिलाउने भन्दै देशमा पटकपटक आन्दोलनहरू भए । ती आन्दोलनहरूमा दलित सहित उत्पीडित समुदायले बलिदान दिइरह्यो । तर, आन्दोलनपछि दलित समुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्था फेरिएन । बरू दलितमाथि दमनका श्रृंखलाहरू बढे । हरेक व्यवस्था र विपतमा दलितहरू अनाहकमै मारिने क्रम रोकिएन ।

दलितमाथिको दमन नरोकिनुको प्रमुख कारण हो, देशको शासकहरू मात्रै परिवर्तन हुनु तर सिंगो सामाजिक अवस्थामा कुनै परिवर्तन नहुनु । पटकपटक राज्यको पुर्नसंरचना भनिए पनि उही कथित उपल्लो जाति र वर्गका निश्चित मानिस मात्रै सत्तामा उक्लिरहे । हजारौं वर्षदेखि पिंधमा पारिएका समुदाय पिंधमै छाडियो । समाजको उपल्लो वर्ग राज्यको साधन स्रोतको दुरूपयोग गरी सत्तासीन भइरह्यो, दलित समुदाय भूमिहीन, गरिबी, असमानता र बेरोजगारीको दलदलमा भाँसिएर बाँचीरह्यो ।

गैरदलित नेताहरू दलितको वस्तीमा चुनाव अघि पुगेर आश्वासन बाँडीरह्यो । दलितहरू भोट बैंकको रूपमा प्रयोग मात्रै भइरह्यो । फलस्वरूप लोकतन्त्रको अभ्यास हुन थालेको ७० वर्ष बित्दा पनि दलितको मुक्ति कहिल्यै भएन । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे जे भने पनि यी व्यवस्थाहरूबाट दलितको मुक्ति किन हुन सकेन ? अब यसबारे दलितहरू आफैं सचेत हुनुपर्ने बेला भएको छ । आफ्नो भाग्यको फैसला गर्न गैरदलितलाई जिम्मा कहिलेसम्म लगाउने ? यसबारे सचेत हुने, संगठित हुने र संघर्ष गर्ने बेला आएको छ । जबसम्म सचेत नभइ संगठित हुने र संघर्ष गर्ने गरिन्न, त्यतिबेलासम्म हामी अरूको भोट बैंक र अरूको भऱ्याङ मात्रै हुनेछौं ।

३५ सय वर्षदेखि शोषण, दमन र उत्पीडनमा पारिएको दलित समुदायले २०७२ को संविधानबाट थोरै आशा गरेका थिए । तर कानुन बन्ने प्रकृयामा पुग्दा फेरि धोका भयो । जनबलको दबाबमा थोरै बनेको अधिकारको पनि दलित समुदायले प्रत्याभूति गर्नै नपाइ प्रधानमन्त्री केपी शर्मा ओलीले 'कू' गरे । पछिल्लो समय यही सरकारको कार्यकालमा दलित समुदायले धेरै अन्याय र अत्याचार सहुन पऱ्यो । रूकुममा हत्याकाण्ड यही सरकारको पालामा भयो । कोभिड–१९ को महामारीबाट दलित समुदाय नै सबैभन्दा पहिला भोकभोकै मरे । बलात्कारका घटनाबाट दलितहरू नै सबैभन्दा धेरै पीडित भए । अधिकांश घटनाका पीडित परिवारले अझै न्याय पाएका छैनन् । सरकारले आफ्नो कुर्सी जोगाउन विभिन्न विधेयक ल्याएर नौटंकी गरे । तर, दलितमाथि यतिको अत्याचार हुँदा पनि ठोस कदम तत्काल चाल्न आवश्यक ठानेनन् । यसबाट प्रश्न उठ्न यो कसको सरकार हो ? यो कस्तो सरकार हो ? युद्ध, आन्दोलन र बलिदानको लामो प्रक्रियाबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र यतिबेला गम्भीर धरापमा परेको छ । मुलुक गम्भीर राजनीतिक संकट तर्फ उन्मुख हुँदा फेरि पनि सबैभन्दा पीँधकै वर्ग पिडित हुनेछन् । ओलीको 'कू'बाट सबैभन्दा धेरै क्षति दलित समुदायमाथि नै हुने निश्चित छ । थोरै भए पनि ०७२ सालको संविधानले व्यवस्था गरेको अधिकार कार्यान्वयन नहुँदै गुम्ने स्थिति बनेको छ । संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक अधिकार यो संविधानका महत्वपूर्ण उपलब्धि हुन् । तर ओलीको कदमले यी सारा उपलब्धिहरू गुम्ने र फेरि वर्षौंसम्म नेपालमा फासिवादी शासन स्थापित हुने खतरा बढेको छ । त्यसैले दलित समुदाय सचेत हुँदै, संगठित हुँदै संघर्ष गर्नुको विकल्प छैन । राष्ट्रिय दलित मुक्ति जागरण अभियान यो असंवैधानिक तथा प्रतिगामी फासिवादी कदमको जोडदार विरोध गर्दछ । दलित समुदायको आफ्नै गौरवशाली इतिहास छ । हाम्रो साँचो इतिहास शासक र अभिजात



वर्गले बुटमूनि कुल्चिराखेको छ । बुटमूनिबाट दलितको इतिहास उत्खनन् गरेर निकाल्ने कहिले र कसले ? दलितको इतिहासलाई कुल्चिएर वर्तमानमा दलितमाथि अत्याचार कायम गरी शासन टिकाइरहेको छ । २१ औं शताब्दीमा दुनियाँ निकै अघि बढि सक्दा पनि दलितमाथि जंगली बर्बरता कायमै छ । यो गणतान्त्रिक भनिएको देशमा दलित मारिए कुनै न्याय निसाफ पाउँदैन । यसबाट मुक्त हुन दलित समुदाय अब जाग्नै पर्ने, उठ्नै पर्ने भएकाले हामीले राष्ट्रिय दलित मुक्ति जागरण अभियान पूर्व र पश्चिमबाट एकैसाथ संचालन गरेका छौं । र, यो अभियान राजधानी काठमाडौं पुगेर स्थगित हुनेछ ।

यो दलित समुदायमा लक्षित सामाजिक चेतनामूलक अभियान हो । दलित समुदायको चेतना स्तर माथि उकास्न, आत्मनिर्भर बन्न प्रेरित गर्ने यो अभियानको मूल उद्धेश्य हो । यो अभियान सबै शोषित उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको साझा अभियान हो । यो अभियानमा सबै वर्ग, क्षेत्र र समुदायको साथ र सहयोग आवश्यकता छ । यो अभियान राजनीतिक दल र दलभित्रका दलित संगठनका नेता, विभिन्न सामाजिक संघ संस्थाका अगुवा, बुद्धिजीवी, पत्रकार, नागरिक समाज र स्वतन्त्र व्यक्तिहरूको साझा संगठनको रूपमा रहनेछ ।

सबै वर्ग, जाति, क्षेत्र, लिंग र समुदाय ओलीको यो असंवैधानिक तथा फासिवादी कदमको विरूद्धमा संयुक्त रूपमा सडकमा उत्रनुको अब विकल्प छैन । यसै स्थितिलाई मध्येनजर गर्दै संयुक्त दलित संघर्ष समितिको राष्ट्रिय दलित मुक्ति जागरण अभियानले देशव्यापी रूपमा विरोधका कार्यक्रम गर्ने निर्णय गरेको छ । यो प्रतिगामी फासिवादी कदमका विरूद्ध आन्दोलनरत सबै पक्षसँग हामी संयुक्त आन्दोलनका लागि अपिल गर्दै सम्पूर्ण दलित समुदायलाई आन्दोलनमा उत्रिन र यो अभियानमा परिवर्तनकारी शक्तिहरू सहभागी हुन आवश्यक छ ।

**अभियानका नाराहरू :**

*- क्षतिपूर्तिसहित दलितहरूलाई विशेष अधिकारको व्यवस्था गर !*

*- सँधै लड्यौं अरूका लागि, अब लडौं आफ्नै लागि ।*

*- दलितमाथि भएको हत्या हिंसाको छानविन गरी दोषीलाई कडा कारबाही गर ।*

*- पुस्तौंदेखि बसोबास गर्दै आएको भूमिलाई लालपूजासहित हकभोगको व्यवस्था गर ।*

*- वर्णव्यवस्थामा आधारित समाजको निर्मूल सम्भव छ हाम्रै पालामा ।*

*- अबको निकास, विभेद रहित समाजको विकास ।*

*- घर-घरमा राष्ट्रिय दलित मुक्ति जागरण अभियान,*

*सभ्य, सुन्दर र मानवरूपी समाजको निर्माण ।*

*- हामी सबैको एउटै रहर*

*छुवाछुत मुक्त गाउँ, टोल र शहर ।*

*- राष्ट्रिय दलित मुक्ति जागरण अभियानको महत्वपूर्ण काम*

*सबै वर्ग, जाति, क्षेत्र, लिंग र समुदाय मिलेर गरौं सभ्य समाजको निर्माण*

*- राष्ट्रिय दलित मुक्ति जागरण अभियानको मूलमन्त्र*

*क्षतिपूर्ति सहित समानुपातिक समावेशी लोकतन्त्र ।*

*- राष्ट्रिय दलित मुक्ति जागरण अभियानको एउटै लक्ष्य*

*सबै किसिमको सामाजिक कुप्रथा र विभेदको अन्त्य ।*

*- राष्ट्रिय दलित मुक्ति जागरण अभियानको मुख्य सरोकार*

*स्वतन्त्रता सहितको आन्तरिक राष्ट्रियतामा आधारित सरकार*

*- पुरातन संस्कार र संस्कृतिबाट समाज छ तवाह,*

*वैज्ञानिक समाज र सन्तान निर्माणको लागि स्वतन्त्र र अन्तरजातीय विवाह ।*

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । सवारी साधनको खरिद बिक्री हुने योग छ । दाम्पत्य जीवन पनि सुखमय नै हुनेछ ।

**वृष** :- मन सम्हाल्न आवश्यक हुनेछ । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनु पर्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन**:- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्रेममा सफलता मिल्नेछ ।

**कर्कट** :- श्रमको उचित मुल्यांकन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । शुभ समाचार पनि सुन्न पाइएला ।

**सिंह**:- अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**कन्या** :- मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजक रहनु होला ।

**तुला** :- आज मान सम्मान पाइनसक्छ । घरमा अतिथीको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । कुटुम्बको सहयोग पनि मिल्नेछ ।

**वृश्चिक** :- आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।

**धनु** :- रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । प्रेमीको सहयोग प्राप्त हुनेछ । छोटो यात्रा पनि हुन सक्छ ।

**मकर**:- माया प्रेममा सामिप्यता बढेर जानेछ भने घर परिवार तथा आफन्तबिचको सम्बन्धमा सुधार भएर जानेछ । शुभ समाचार सुन्न पाईएला ।

**कुम्भ**:- इनाम र प्रतिष्ठा कमाउने बेलाछ । परिवारमा सुख सन्तोष छाउनेछ । अधुरो काम बन्नेछ । धार्मिक र सांस्कृतिक कार्यमा सरिक भाईनेछ ।

**मिन** :- आज आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । आँटेको र ताकेको कार्य पुरा होला । कलकारखाना र बन्द व्यापारमा पनि राम्रै हुनेछ ।

# सिरहामा २१ हजार नयाँ मतदाता थपिए

**सिरहा ।** सिरहामा २१ हजार नयाँ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालय सिरहाका अनुसार जिल्लामा ११ हजार ६ पुरूष र १० हजार ४ महिल गरी २१ हजार १० जना नयाँ मतदाता थपिएका हुन् ।

जिल्ला निर्वाचन कार्यालय सिरहाका प्रमुख इन्दिरा यादवका अनुसार सरकारले आगामी वैशाख १७ र २७ गरी दुई चरणमा निर्वाचन घोषणा गरेको अघिल्लो दिनसम्म मतदाता अधावधि गर्ने क्रममा ती मतदाता थपिएका हुन् ।

२०७४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जिल्लामा एक लाख ८४ हजार १ सय १ पुरूष, एक लाख ६० हजार २ सय ६७ महिला र दुई जना तेस्रोलिंगी गरी तीन लाख ४४ हजार ३ सय ७० मतदाता थिए ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला निर्वाचन कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको बैठले अघिल्लो निर्वाचनमा रहेका २ सय २१ मतदानस्थललाई कायम राख्ने निर्णय गरिएको उनले जानकारी दिईन । निर्वाचन कार्यालयले घोषित प्रतिनिधिसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी आयोगको तालिका अनुसार जिल्लामा मतदाता नामावली अद्यावधिक कार्य अगाडि बढाएको कार्यालयले जनाएको छ ।

कार्यालयले सिरहाको १७ वटै स्थानीय तहमा एक/एक सहायक निर्वाचन अधिकृत छनौट गरी खटाउने जनाएको छ ।

# समुदायका सुरक्षा र न्यायका प्रमुख सवाल पहिचान गर्दै निदानका लागि प्रतिवद्धता जारी



**सिरहा ।** लैंगिक विभेद र हानिकारक सामाजिक मुल्य मान्यताको निरन्तरता समुदायको सुरक्षा र न्याय सम्बन्धी मुख्य समस्या रहेको सप्तरीको राजविराजमा आइतवार आयोजित सम्वाद कार्यक्रममा सहभागी सरोकारवालाले ठहर गरेको छ ।

समग्र जन उत्थान केन्द्र लहानले सामुदाय प्रहरी साझेदारी कार्यक्रम समिति राजविराजको समन्वयमा सप्तरीको राजविराजमा आइतवार आयोजना गरेको समुदाय प्रहरी सम्वाद कार्यक्रममा सहभागी सरोकारवलाले सुरक्षा र न्यायका सवालहरूको बारेमा मिहिन तरिकाले छलफल गर्दै लैंगिक विभेद, हानिकारक सामाजिक मुल्य मान्यताको निरन्तरता, बाल विवाह र दहेज प्रथा र यौन दुराचार सुरक्षा र न्याय सम्बन्धी प्रमुख सवाल रहेको ठहर गरेका हुन् ।

लैंगिक हिंसा विरूद्धमा पहल गर्ने पहलकर्मीहरू, सीमान्तकृत समुदायका पीडित महिला तथा किशोरीहरू, सामुदाय प्रहरी साझेदारी कार्यक्रम समितिका प्रतिनिधिहरू, वडाका जनप्रतिनधि, नगरपालिकाको महिला शाखा, जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तथा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रतिनिधीहरू सामाजिक अगुवा, सञ्चारकर्मी गरी २५ जनाको सहभागिता रहको सो सम्वाद कार्यक्रमबाट सुरक्षा र न्याय सम्बन्धी प्रमुख सवालहरूको पहिचान गरी निदान गर्न समुदाय र प्रहरीबीचको सहकार्य अभिवृद्धिका लागि प्रतिवद्धता समेत जारी गरेको स्थानीय सहजकर्ता सुष्मा कुमारी गुप्ताले जानकारी दिनुभयो ।

जारी गरिएको प्रतिवद्धतामा समुदायले हामी कुनै पनि खाले हिंसाजन्य कार्यमा संलग्न हुँदैनौ, हाम्रो जानकारीमा आउने हिंसा वा अपराधका घटनाहरूमा मौन नबसी तत्काल प्रहरीमा खबर गर्छौं, अपराध अनुसन्धानका क्रममा प्रहरीलाई सम्भव भए सम्म सहयोग गर्छौं, आफ्नो घर परिवार र समाजमा शान्ति तथा सुव्यवस्था कायम गर्नका लागि आवश्यक पहल गर्छौं र सेवा प्रवाहका क्रममा प्रहरीलाई पर्ने कठिनाईमा समुदायका तर्फबाट गर्नुपर्ने आवश्यक सहयोगहरू गर्ने उल्लेख छ ।

यस्तै प्रहरीले पनि पाँच सुत्रिय प्रतिवद्धता जारी गरेका छन् । जारी गरिएको प्रतिवद्धतामा समुदायका समस्याहरूलाई सम्बोधन गर्नका हरबखत तमतयार रहन्छौं, समुदायका सबै व्यक्तिहरूलाई बिना भेदभाव मैत्रीपूर्ण रूपमा सेवा प्रदान गर्छौं, संगठनको नीति तथा रणनीति अनुसार पीडित तथा प्रभावितहरूलाई सम्मानजनक रूपमा प्रभावकारी सेवा प्रदान गर्न कुनै कसर बाँकी राख्ने छैनौँ, समुदायका सुझावहरूलाई ग्रहण गर्दै सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने छौँ र समुदायसँगको सहकार्यमा शान्ति तथा सुव्यवस्था कायम गर्ने अभियानलाई निरन्तरता दिँदै समुदायसँगको सहकार्य थप बलियो बनाउँदै अगाडि बढ्ने उल्लेख छ ।

समग्र जन उत्थान केन्द्र लहानका कार्यक्रम अधिकृत रामभरोसी महतोले सहजीकरण गर्नु भएको सो सम्वादमा सुरक्षा र न्यायका सेवा लिने क्रममा समुदायले भोगिरहेको कठिनाई तथा सेवा प्रवाह गर्ने क्रममा प्रहरीलाई भइरहेको कठिनाईहरूको बारेमा छलफल गर्दै समुदाय र प्रहरीले एकअर्काबाट गरेको अपेक्षाहरू पनि व्यक्त गरेका छन । सम्वादबाट पहिचान भएका सुरक्षा र न्यायका सवालहरूलाई निदानका लागि कार्ययोजना समेत निर्माण गरी कार्यान्वयनका लागि जिम्मेवारी समेत बाँडफाँड गरेका छन् ।

युकेएडको आर्थिक सहयोगमा भिएसओ नेपाल र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्र लहानद्धारा सञ्चालन भइरहको सहज परियोजना अन्तरगत सामुदायमा रहेको सुरक्षा र न्यायको सेवा सवलीकरणका लागि विभिन्न किसिमको गतिविधिहरू सामुदाय प्रहरी साझेदारी समितिको सहकार्यमा गर्दै आएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |

# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔँ । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# प्रदेश २ मा ११ हजारले लगाए खोप

लहान । कोभिड–१९ विरूद्धको कोभिशिल्ड खोप पाँचौं दिनसम्म प्रदेश २ का आठ जिल्लामा ११ हजार ५७ जनाले लगाएका छन् । तीमध्ये सिरहामा शनिबार सम्म सिरहामा ३ सय ७२ जनाले खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

पाँचौ दिनसम्म नेपालभर ८८ हजार सात व्यक्तिले खोप लगाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमका अनुसार प्रदेश नं १ मा १२ हजार ७६३, प्रदेश नं २ मा ११ हजार ५७, बागमती प्रदेशमा २८ हजार ६८३, गण्डकी प्रदेशमा १२ हजार ३११, लुम्बिनी प्रदेशमा १० हजार ७६०, कर्णाली प्रदेशमा पाँच हजार ५५६ र सुदूरपश्चिम प्रदेशमा छ हजार ८७७ जनालाई खोप लगाइएको छ ।




भारत सरकारले अनुदानमा उपलब्ध गराएको उक्त खोप यही माघ १४ गतेदेखि देशभर १८५ खोप केन्द्रबाट अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मीसहित अन्यलाई दिन थालिएको हो । मन्त्रालयले पहिलो चरणमा प्राथकिमता प्राप्त लक्षित समूहमा पर्ने व्यक्तिमध्ये स्वास्थ्यकर्मीले काउन्सिल दर्ता, आधिकारिक परिचय पत्र र संस्थाबाट प्रमाणीकरण गरेको विवरण तथा अन्य व्यक्तिका हकमा सम्बन्धित कार्यालयले गरेको सिफारिश पत्र जिल्लाको स्वास्थ्य कार्यालयमा नाम दर्ता गरी खोप लगाउन आग्रह गरेको छ । स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा झलक शर्मा गौतमले कोभिशिल्ड सुरक्षित र प्रभावकारी रहेको कुरा वैज्ञानिक अध्ययनले पुष्टि गरेको बताए । खोप लगाएपछि केही व्यक्तिमा सामान्य असर देखिए पनि सुरक्षित र प्रभावकारी देखिएको उनले जानकारी दिए ।

उनका अनुसार ती सामान्य असरमा खोप लगाएको ठाउँमा दुख्ने र सामान्य सुन्निने, टाउको दुख्ने, अल्छी लाग्ने, जीउ दुख्ने, जोर्नी सामान्य दुख्ने, शरीर चिसो भएको महसुस गर्ने र सामान्य ज्वरो तथा वाकवाकी लाग्ने सामान्य असर देखिएको छ । उनले त्यस्ता असर देखिए पनि यी सबै केही समयपछि ठीक भएका जानकारी दिए ।

मन्त्रालयले कुनै त्यस्तो समस्या देखिए औषधिको व्यवस्थापनसहितको समूह राखिएको जनाएको छ ।

## पूर्व प्रधानमन्त्री...

भेगका जनतामा खुसीको सीमा नै थिएन । पूर्व प्रधानमन्त्री दाहालले मार्ग शिलान्यास गरेको झण्डै वर्षदिन पछि सदरमुकाम सिरहा बजारस्थित चन्द्र मावि प्रांगणमा आयोजित पूर्व सांसद हेम नारयण यादवको १५ औं स्मृति सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले भइरहेको यही चन्द्र मावि प्रांगणबाट मधेसको लाइफलाइन मानिने हुलाकी राजमार्ग यूद्धस्तरमा निर्माण गरिने आश्वासन दिएका थिए ।

हुलाकी मार्ग निर्माणको माग गर्दै रिले अनसनमा बसेका प्रति लक्षित गर्दै प्रधानमन्त्री ओलीले त्यतिखेर भनेका थिए, 'हुलाकी मार्ग निर्माण गर्ने स्वयं सरकार आइसकेपछि रिले अनसनमा भोको बस्न नपर्ने सुझाएका थिए ।' हुलाकी मार्गको निर्माण एक वर्षभित्रमा सक्नुपर्ने माग राखि रामरिझन यादवको संयोजकत्वमा त्यतिखेर एक महिनादेखि हुलाकी सडकको महाबीर चोकमा रिले अनसन बसेका थिए । सरकारको आश्वानसँगै स्मृति सभाकैं दिन संघर्षसमितिले अनसन तोडेका थिए ।

प्रधानमन्त्रीको बचन पाएका सिरहाली जनता अब चाँही हुलाकी मार्ग बन्नेमा ढुक्क बनेका थिए । तर, पूर्व प्रधानमन्त्री दाहालबाट शिलान्यास भएको तीन वर्ष र वर्तमान प्रधानमन्त्री ओलीले दिएको आश्वासन दुई वर्ष बित्न लागिसक्दा समेत मार्ग निर्माण पूरा हुन सकेको छैन । यस क्षेत्रबाट जितेर गएका सांसददेखि मन्त्रीसम्म बनेपनि सबैले बेवास्ता गरेको स्थानीयको गुनासो ज्यूँका त्यूँ छ । बरियारपट्टीका लक्ष्मी यादव भन्छन् 'स्थानीय नेताले त सुनेनन नै दुई वर्षअघि पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल आएर सडक निर्माणको शिलान्यास गरिसक्दा समेत नबनेपछि हुलाकी राजमार्ग बन्न कति वर्ष लाग्ला भन्ने टुंगो नै छैन, हामी निरास छौं ।' उनका अनुसार हिउँदमा जसोतसो यातायात सुचारू हुँदा १४ किलोमिटर दूरीको सदरमुकाम क्षणभरमैं पुग्थ्यौं ।

'यो सडक निर्माण भएमा जिल्लाको दक्षिणवर्ती भगवानपुर, ठाडी, इनरूवा, नवराजपुर, बरियारपट्टी, औरही लगायत तल्लो भेगका बासिन्दालाई सदरमुकाम सिरहा बजार आवत जावतमा सहज हुन्छ,' उनले भने 'यो सडक सडक निर्माण सम्पन्न नभएकैं कारण यस भेगका बासिन्दा पूर्व पश्चिम राजमार्ग हुदै ५० किलोमिटर दूरी तय गरी सदरमुकाम सिरहा बजार पुग्न बाध्य छौं ।'

## प्रधानमन्त्री ...

बताए । १७ वर्ष अगाडी शाही सत्ताले हत्या गरेर लोकतन्त्र र परिवर्तनको सशक्त आवाज उठाउने एक क्रान्तिकारी नेताको छवि बनाएका हेम नारायण यादव सिरहाको मात्रै नेता नभएर मधेसकै नेतृत्व गर्न सक्ने एक योद्धा रहेको स्मरण गरे ।

नेता हेमनारायण यादवको २०६० माघ १९ गते हत्या भएको बताउँदै हत्यारालाई चाँडै कारबाही हुने मन्त्री श्रेष्ठले बताए । यादवको हत्या भएको १७ बर्ष हुँदा पनि दोषी कानुनी दायरामा आउन नसकेको प्रति दु:ख व्यक्त गर्दै उनले अब चाँडै हत्यारालाई कारबाही हुने बताए । उनले भने, 'हत्यारा पत्ता लागि सकेको छ, हामीले प्रधानमन्त्रीलाई हत्यामा संलगनलाई कानुनी दायरामा ल्याउन अनुरोध गरिरहेका छौं, चाँडै कारवाही हुन्छ ।' सरकार चल्नै नसक्नेगरी घेराबन्दीमा पारेपछि प्रधानमन्त्रीले बाध्यात्मक अवस्थामा संसद विघटन गर्नु परेको उनले बताए । उनले संसद विघटन असंवैधानीक, अलोकतान्त्रीक नभएको बताए । 'बजारमा हल्ला चलेजसतो संसद विघटन असंवैधानिक पनि होइन, प्रतिगामी पनि भएको होइन,' उनले भने, 'यो प्रधानमन्त्रीले चाल्नु भएको संवैधानिक कदम हो, प्रतिगमन भएको भए कुन पार्टीलाई प्रतिबन्ध लगाएको छ ? कुन नेतालाई नजरबन्द वा थुनामा राखेको छ ? यो चुनाव देखि डराउनेहरूको जनता भड्काउने षडयन्त्रमात्र हो ।'

मन्त्री श्रेष्ठले अब कसैको बहकावमा नलागी चुनावको तयारीमा लाग्न सवैलाई अनुरोध गरे । स्मृतिसभालाई मध्य नजर गर्दै प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले जिल्लाको सुरक्षा व्यवस्था कडा पारिएको जानकारी दिएका छन् ।

२०५६ सालमा तत्कालीन नेकपा एमालेबाट सिरहा क्षेत्र नम्बर ४ का लागि निर्वाचित सांसद हेम नारायण यादवको धनगढी पार्टीको बैठकमा भाग लिन जाने क्रममा पूर्व–पश्चिम राजमार्गको कसाहास्थित गागन खोलाको दोस्रो पुलबाट २०६० माघ १९ गते अपहरण भएको थियो । यादवको शव भोलिपल्ट अपहरण भएको स्थानभन्दा ३० किलोमिटर टाढा कमला नदीको पुलभन्दा ५ सय मिटर दक्षिणमा तत्कालीन लवटोली–४ को पोर्ताहामा फेला परेको थियो । सांसद यादवको हत्या भएको १७ वर्ष बितिसकेपनि हत्यारालाई कारबाहीको दायरामा ल्याउन सकेको छैन । हत्या भएको माघ १९ को सम्झनामा सिरहामा सांसद यादवको स्मृति सभा मनाउँदै आएको छ ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)